नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र
ताहाचल, काठमाडौं
फोनः ०१-४९५८०१३/१४, इमेलः- info@aepc.gov.np वेबसाइटः- www.aepc.gov.np

**Clean Cooking Solutions कार्यक्रम अन्तर्गत प्रवर्द्धन गरिने प्रविधिहरुको क्षेत्रीय स्तरमा मर्मतसम्भार सेवा केन्द्र (Regional Level Service Centre) को रुपमा कार्य गर्न इच्छुक संस्थाहरुको लागि प्रस्ताव आह्वान सम्बन्धि सूचना**

**सूचना प्रकाशित मितिः २०८२/०७/१६**

हरित जलवायू कोषको सहयोगमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रद्धारा सञ्चालित Clean Cooking Solutions (CCS) कार्यक्रम अन्तर्गत तराईका २२ जिल्लाका १५० वटा स्थानीय तहहरुमा प्रवर्द्धन गरिने खाना पकाउने आधुनिक तथा स्वच्छ चुलो प्रविधिहरु (विद्युतीय चुलो, तह ३ को सुधारिएको चुलो र घरायसी बायोग्यासको) मर्मतसम्भार गर्नका लागि क्षेत्रीय स्तरका मर्मत सम्भार सेवा केन्द्र (Regional Level Service Centre) हरुको पहिचान स्थापना तथा सुदृढिकरण गर्न एवं सो केन्द्रहरुबाट प्रबिधिहरुको नियमित मर्मत सम्भार कार्य सञ्चालन गर्न, स्थानीय सेवा प्रदायकहरुलाई मर्मत सम्भार सम्बन्धी तालिम प्रदान गर्न तथा जनचेतना अभिवृद्धि गर्नका निजी क्षेत्रका संस्थाहरुबाट प्रस्ताव आह्वान गरिएको छ । इच्छुक तथा योग्य संस्थाहरुले केन्द्रबाट जारी कार्यक्षेत्रगत शर्त (Terms of Reference) को अधिनमा रही तयार गरिएको प्रस्ताव सूचना प्रकाशन भएको मितिले १५ दिन अर्थात २०८२/०७/३० गते कार्यालय समय भित्र यस केन्द्रको कार्यालय, ताहाचल, काठमाडौंमा आइपुग्ने गरी पेश गर्न अनुरोध गरिन्छ ।साथै उल्लेखित कार्यको लागि केन्द्रबाट जारी कार्यक्षेत्रगत शर्त तथा प्रस्तावको ढाँचा यस केन्द्रको वेबसाइट www.aepc.gov.np बाट डाउनलोड गरी निःशुल्क प्राप्त गर्न सकिनेछ । थप जानकारीको लागि यस केन्द्रको माथि उल्लेखित ठेगानामा सम्पर्क गर्न सकिनेछ ।